# जग्गा (घडेरी) मुल्य बढावढको माध्यमवाट बिक्री गर्ने बारेको शिलवन्दी वोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०१/०९**

यस गरिमा विकास बैंक लिमिटेड (साविक शुभेच्छा विकास बैंक लिमिटेड) को नाममा रहेको तपसिलको विवरण अनुसारको जग्गा (घडेरी) मुल्य बढावढबाट बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्म/कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले **१५ दिनभित्र** शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| जग्गा (घडेरी) को विस्तृत विवरण : | | | |
|---|---|---|---|
| **सि.नं.** | **जग्गाको ठेगाना** | **कित्ता नं./क्षेत्रफल विगाह** | **कैफियत** |
| १ | वागमती प्रदेश, चितवन जिल्ला, भरतपुर महानगरपालिका, वडा नं.३ (साविक नारायणगढ-६ख) पुल्चोक | कित्ता नं. ७४६१/ क्षेत्रफल ०-०-१२-० (२०३.१८ वर्ग मिटर) | |

(क) बोलकवोलमा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म/कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म/कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको स्थायी लेखा नम्बर प्राप्त गरेको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रतिलिपि) पेश गर्नु पर्नेछ ।

(ख) बोलपत्र फाराम रु.१,०००.०० (पछि फिर्ता नहुने गरी) बुझाई गरिमा विकास बैंक लिमिटेड, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, लाजिम्पाट, काठमाण्डौ तथा क्षेत्रीय कार्यालय, नारायणगढ, चितवनबाट लिन सकिने छ ।

(ग) जग्गा (घडेरी) को वारेमा बुझ्न चाहनेले कार्यालय समय बिहान ९ बजे देखि दिउसो ४ बजेसम्म गरिमा विकास बैंक लिमिटेड, केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राख्न सकिनेछ । साथै फिल्ड भिजिट गर्नुपरेमा क्षेत्रीय कार्यालय, नारायणगढ, चितवनमा सम्पर्क गर्न सकिने छ ।

(घ) धरौटी बापत बोलकवोल रकमको ५ प्रतिशतले हुन आउने रकम बराबरको गुड फर पेमेण्ट चेक बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

(ङ) शिलवन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः
मिति : २०८३/०१/२३ गते, बुधबार

(च) शिलवन्दी बोलपत्र खुल्ने स्थान, समय र मितिः
स्थान : गरिमा विकास बैंक लिमिटेड, केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौ
मिति : २०८३/०१/२५ गते, शुक्रवार
समय : दिउसो १:०० बजे

(छ) बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले २१ (एक्काईस) दिन भित्र सम्पुर्ण वोल कवोल रकम जम्मा गरि जग्गा नामसारी गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गरिनेछ ।

(ज) पेश भएका बोलपत्र बिना जानकारी अस्वीकृत गर्ने वा खारेज गर्ने वा जग्गा बिक्री प्रकृया स्थगित गर्ने वा म्याद थप गर्ने सम्पूर्ण अधिकार बिकास बैंकमा रहने छ ।

गरिमा बिकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

**केन्द्रीय कार्यालयः लाजिम्पाट, काठमाण्डौं**
**फोन** : ०१-४५४५४२४/२५/२६
**टोल फ्रि नं.**: १६६००१४५४४४